# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाण्डौ

मितिः २०७३।०५।२६ गते

# प्रेस विज्ञप्ति

## विषयः आरोपपत्र दायर गरीएको ।

---

भेरी अञ्चल अस्पताल, नेपालगन्ज, बाँकेका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा.पिताम्वर सुवेदी, शाखा अधिकृत(स्टोर किपर) माधव प्रसाद ज्ञवाली, लेखापाल मनिराम बर्मा र लेखा अधिकृत पदम बहादुर जि.सी. समेतले आ.ब.०७०/०७१ को भेरी अञ्चल अस्पतालको आमा सुरक्षा कार्यक्रम तथा सामाजिक सेवा ईकाई लगायत अन्य विभिन्न कार्यक्रमको बजेट दुरुपयोग गरी अनियमितता गरी भ्रष्टाचार गरेको, निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा.पिताम्वर सुवेदीले अनियमित तरिकाले औषधि, सर्जिकल उपकरण, मसलन्द, मेसिनरी औजार खरिद गरी अस्पताल तथा विकास समितिको रकम हिनामिना गरेको र सरकारी डाक्टरले निजी अस्पताल चलाई सरकारी अस्पतालमा कम समय दिएको भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा निज राष्ट्रसेवक कर्मचारीहरु डा. पिताम्वर सुवेदी, माधव प्रसाद ज्ञवाली, मनिराम शर्मा र पदम बहादुर जि.सी.ले आ-आफ्नो कार्यालयमा आफ्नो ओहदाको कर्तव्य पालना गर्दा नेपाल सरकारको सम्पत्ति बदनियत गरी, हिनामिना, हानी नोक्सानी गरी आफुहरुले मासी लिई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टी हुन आएकोले उक्त कार्यमा संलग्न रहेका तपसिलमा उल्लेखित निम्न ४(चार) जना व्यक्तिहरू उपर कसुरको मात्रा अनुसार जरिवाना र कैद सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ।

| सि.नं. | पद | नाम/थर | कार्यलय | विगो | ऐन |
|---|---|---|---|---|---|
| १. | निमित्त मेडिकल सुपरिटेन्डेन्ट | डा. श्री पिताम्वर सुवेदी | भेरी अञ्चल अस्पताल, नेपालगंज। | रु.४२,९०,८१६.९४/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१) को देहाय (छ) बमोजिम। |
| २. | लेखापाल | श्री मनिराम बर्मा | " | रु.४२,०३,८१६.९४/- | " |
| ३. | लेखा अधिकृत | श्री पदम बहादुर जि.सी. | " | रु.८७,०००/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१) को देहाय (ग) बमोजिम। |
| ४. | शाखा अधिकृत (स्टोर किपर) | श्री माधव प्रसाद ज्ञवाली | " | रु.२१,०२,१५२.९४/- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र दफा ३(१) को देहाय (च) बमोजिम। |

@CIAANepal

FIGHT AGAINST CORRUPTION

(खगेन्द्र प्रसाद रिजाल)
सहायक प्रवक्ता एवम् सूचना अधिकारी